मितिः २०७९।०८।१२ गते सोमबार जिल्ला सरकारी वकील कार्यायल, जुम्लाको आयोजनामा सरकारी वकील र अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

१. श्री डा. सूर्यप्रसाद पौडेल (जिल्ला न्यायाधिवक्ता)

२. श्री याम ब. बुढा मगर (अनुसन्धान अधिकृत)

३. श्री गणेश ब. रावल (अनुसन्धान सहायक)

४. श्री विरेन्द्र महतारा (प्रहरी जवान)

**आमन्त्रित**

श्री प्रजङ खत्री (ना.सु.)

श्री दिपा राना मगर (क.अ.)

**छलफलका विषयहरु**

१) परिचयात्मक सम्बन्धमा।

२) मुद्दाको सुक्ष्म एवं प्रभावकारि रुपमा अनुसन्धान गरी कानूनले तोकेको म्यादभित्र निर्णयार्थ मिसिल पेश गर्न सम्बन्धमा।

क) तामेलीमा राख्ने सम्बन्धमा

ख) मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा

३) मिसिल व्यवस्थापन सम्बन्धमा।

४) रित पूर्वक मुचुल्का तथा कागजातहरु खडा गर्ने सम्बन्धमा।

५) प्रभावकारि रुपमा समन्वय गर्ने सम्बन्धमा।

६) विविध।

र्णय नं. १ः मा छलफल गर्दा यस कार्यालयमा सरुवा भै आउनु भएका सरकारी वकील र जिल्ला प्रहरी कार्यालय जुम्लाको मुद्दा शाखाका कार्यरत अनुसन्धान अधिकृत र कर्मचारीविच एक आपसमा परिचयात्मक कार्यक्रम गर्ने निर्णय गरियो ।

र्णय नं. २ः मा छलफल गर्दा जिल्ला प्रहरी कार्यालय जुम्लामा सुरु मुद्दा दर्ता भए देखिनै सम्बन्धित मुद्धा हेर्ने अनुसन्धान अधिकारीले मुद्दाको सुक्ष्म एवं प्रभावकारि रुपमा अनुसन्धान

गरी कानूनले तोकेको म्यादभित्र मुद्दा तामेलीमा राखे , मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णयार्थ मिसिल पेश निर्णय गरियो।

निर्णय नं.३ः उपर छलफल गर्दा मुद्दाका मिसिलमा संलग्न कागजातहरु उठान भएको मिति बमोजिम सिलसिलेवार रुपमा व्यवस्थापन गरी C.D, Pen drive र अन्य गोप्य कागजातहरु सिलबन्दी गरी, लाहाँछाप लगाई अदालत समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४ः मा छलफल गर्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता हुन आएका मुद्दाहरुको रित पूर्वक समयमा नै मुचुल्का तथा कागजातहरु खडा गरी अनुसन्धानका कार्यहरु यथासिघ्र अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५ः मा छलफल गर्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता हुन आएका जटिल मुद्दाहरुमा जाहेरी दरखास्त परेदेखि नै सरकारी वकील र अनुसन्धान अधिकृत बीच निरन्तर छलफल गर्नुका साथै अनुसन्धानलाई प्रभावकारी वनाउन समन्वय गर्ने निर्णय गरियो।

निर्णय नं. ६ः मा छलफल गर्दा आगामी बैठक कार्ययोजनाले तोकेको मितिमा गर्ने गरी आजको बैठक समापन गर्ने निर्णय गरियो ।